राष्ट्रिय समावेशी आयोग

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरेको विवरण

आ.व. ०८१/०८२ (२०८१ माघ देखि चैत्र मसान्तसम्म)

## १. आयोगको स्वरुप र प्रकृति

खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण र सशक्तीकरण गर्ने सम्बन्धमा नेपालको संविधान भाग २७ अन्तर्गत धारा २५८ मा राष्ट्रिय समावेशी आयोगको व्यवस्था भएको छ । आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय समावेशी आयोगको अध्यक्ष तथा सदस्यको नियुक्ती गर्ने व्यवस्था रहेको छ । अध्यक्ष र सदस्यको पदावधी ६ वर्षको हुने व्यवस्था छ ।

नेपालको संविधानमा भएको व्यवस्था अनुसार गठन भएको यस आयोगमा देहाय बमोजिम पदाधिकारी रहनु भएको छ ।

माननीय कार्यवाहक अध्यक्ष — हरि दत्त जोशी

माननीय सदस्य — पुष्प राज तिमिल्सिना

माननीय सदस्य — मान प्रसाद खत्री

आयोगमा अध्यक्ष र एक जना सदस्य गरी २ जता पदाधिकारीको दरबन्दी रिक्त रहेको छ।

आयोगको कार्यालय श्रीमहल, पुल्चोक, ललितपुरमा रहेको छ ।

## २. आयोगको काम कर्तव्य र अधिकार

राष्ट्रिय समावेशी आयोगको काम कर्तव्य र अधिकार सम्बन्धमा नेपालको संविधान को धारा २५९ र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ मा उल्लेख भए बमोजिम देहाय बमोजिम रहेको छ ।

- नेपालको संविधानको धारा २५९ बमोजिम राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने,

(ख) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानुनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,

(ग) खण्ड (क) मा उल्लेखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,

(घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको संरक्षण सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ङ) कर्णाली र पिछडिएको क्षेत्रको विकास र समृद्धिका लागि अबलम्बन गर्नु पर्ने नीति र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानूनमा समयानुकुल परिमार्जनका लागि सिफारिस गर्ने,

(छ) अल्पसंख्यक तथा सीमान्तीकृत समुदायका लागि प्रत्याभुत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रुपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने ।

(२) राष्ट्रिय समावेशी आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछः

- "राष्ट्रिय समावेशी आयोग ऐन, २०७४" को दफा ३ मा उल्लेख भएबमोजिम संविधानको धारा २५९ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रभित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ङ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको हक हितको संरक्षण र संवद्र्धन तथा त्यस्तो वर्ग वा समुदायको सशक्तीकरणको लागि चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(च) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रमा विद्यमान सवै प्रकारको शोषणको अन्त्य गर्न कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(छ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको सम्बन्धमा नेपाल पक्ष भएको अन्तरराष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई निर्देशन दिने,

(ज) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(झ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सुचिकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ञ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायका सन्दर्भमा लिइने नीति, कार्यक्रम तथा निर्णयका सम्बन्धमा नेपाल सरकार र अन्य संघ संस्थाहरुसँग आवश्यक समन्वय गर्ने,

(ट) अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागु गर्ने वा गराउने,

(ठ) आयोगको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

## ३. आयोगमा कार्यरत कर्मचारी

राष्ट्रिय समावेशी आयोगको सचिवालयमा नेपाल सरकारका राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी सचिवको रुपमा रहने व्यवस्था छ । सचिवको नेतृत्वमा आयोगको हालको स्वीकृत दरवन्दी अनुसारको पदपुर्ति अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | पद/श्रेणीको विवरण | स्वीकृत दरबन्दी | कार्यरत कर्मचारीको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | आयोग सचिव (सहसचिव/राजपत्राङ्कित प्रथम श्रेणी) | १ | १ | |
| २ | उपसचिव/राजपत्राङ्कित द्धितीय श्रेणी | १ | १ | |
| ३ | शाखा अधिकृत/राजपत्राङ्कित तृतीय श्रेणी | २ | २ | |
| ४ | नायव सुब्बा/रा.प.अनं. प्रथम श्रेणी | २ | २ | |
| ५ | लेखापाल/रा.प. अनं. प्रथम श्रेणी | १ | १ | |
| ६ | कम्प्यूटर अपरेटर/रा.प.अनं. प्रथम श्रेणी | १ | १ | |
| ७ | निजी सहायक/रा.प.अनं. प्रथम श्रेणी | ५ | ३ | २ रिक्त (१ सदस्य र १ अध्यक्ष रिक्त भएको हुँदा) |
| ८ | हलुका सवारी चालक | ७ | ४ | २ रिक्त (१ सदस्य र १ अध्यक्ष रिक्त भएको र सचिवज्यूले सवारी चालकको सुविधा लिएको हुँदा |
| ९ | कार्यालय सहयोगी | ६ | ५ | १ रिक्त (अध्यक्ष रिक्त भएको हुँदा |
| १० | स्वीपर | १ | १ | सेवा करार |
| | | २७ | २२ | |

यस आयोगको संगठन संरचना अनुसुची–१ मा संलग्न रहेको छ ।

## ४. आयोगबाट गरिने मुख्य कार्यहरु

- खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका

समुदायको संरक्षण सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

- अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानूनमा समयानुकुल परिमार्जनका लागि सिफारिस गर्ने,
- अल्पसंख्यक तथा सीमान्तीकृत समुदायका लागि प्रत्याभुत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रुपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्वन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने ।
- खस आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,
- उल्लिखित समुदाय, वर्ग र क्षेत्रभित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- उल्लिखित समुदाय, वर्ग र क्षेत्रको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- उल्लिखित समुदाय, वर्ग र क्षेत्रको हक हितको संरक्षण र संवर्द्धन तथा त्यस्तो वर्ग वा समुदायको सशक्तीकरणको लागि चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,
- उल्लिखित समुदाय, वर्ग र क्षेत्रमा विद्यमान सबै प्रकारको शोषणको अन्त्य गर्न कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- उल्लिखित वर्ग, क्षेत्र र समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

## ५. आयोगबाट सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| क्र.सं | शाखा | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | प्रशासन, योजना तथा अनुगमन शाखा | उप-सचिव श्री सुशिला कुमारी पंथ | |
| | | शाखा अधिकृत श्री देउ कुमार लावती | |
| २ | अधिकार प्रवर्द्धन तथा सशक्तीकरण इकाइ | शाखा अधिकृत श्री दिल कृष्ण श्रेष्ठ | |

## ६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि

आयोगबाट निर्धारित सेवा प्राप्त गर्न कुनै दस्तुर लाग्दैन । कुनै सूचना माग भएमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सुचनाको हक सम्बन्धी नियमावली, २०६५ मा व्यवस्था भए बमोजिम हुनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

निर्णय गर्ने प्रक्रिया:

- आयोगको निर्णय राष्ट्रिय समावेशी आयोगको "बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७५" बमोजिम हुने गरेको ।
- सचिवालयको कार्यसम्पादन सम्बन्धी निर्णयहरु प्रचलित कानून र सरकारी निर्णय प्रक्रिया सरलिकरण निर्देशिका, २०६५ बमोजिम हुने गरेको ।

निर्णय गर्ने अधिकारी:

- विषयको प्रकृति अनुसार आयोगको अध्यक्ष र आयोगको सचिव ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

निर्णयको प्रकृति अनुसार आयोगका अध्यक्ष वा आयोग

## ९. आयोगले सम्पादन गरेको कार्यको विवरण:

(क) आयोगको बैठक तथा निर्णय

| क.स. | बैठक संख्या | निर्णय संख्या | निर्णय सम्बन्धी विषयहरु |
|---|---|---|---|
| १ | जम्मा वैठक संख्या | १० (दश) | आरक्षण व्यबस्था सम्बन्धमा भएको सिफारिसहरु संसोधन गरी पुन नेपाल सरकारलाई सिफारिस गर्ने। |
| | | | आयोगको दिबस मनाउने सम्मन्धमा छलफल भई २०८१ फागुन ८ गते बिभिन्न कार्यक्रम गरि मनाउने । |
| | | | आर्य समुदायका ब्राम्हण, क्षेत्री, ठकुरी, सन्यासी र रानाभाटका गोत्र हटाई ६६७ थरको सचिकरणको बिबरण नेपाल सरकारलाई गर्ने ।<br>पिछडा बर्गको समुदायको हकमा साबिककै ५० जातका ४०१ थरहरुको बिबरण सुचिकरणको लागि नेपाल सरकारलाई पुन सिफारीस गर्ने । |

| | | | |
|---|---|---|---|
| | | | जेष्ठ नागरीक सुरक्षा सम्बन्धी अन्तराष्ट्रीय अभ्यासहरुको अध्ययन गरी नेपालका लागि उपयुक्त हुने मोडालिटि सहित अध्ययन गरी सिफारिस गर्ने । |
| | | | आयोगको कार्यक्षेत्र बमोजिम बिभिन्न बिषय समेटेर लेख रचना संकलन गरी स्मारीका प्रकाशन गर्ने । |
| | | | आगामी आ.ब.०८२/०८३ को लागी अर्थमन्त्रालयमा ब.उ.शि. न. २२६०००११ अन्तर्गतको कार्यक्रम प्रस्ताब गर्न LMBIS सफ्टवयरमा कार्यक्रम दर्ता गर्ने । |
| | | | सम्मानित श्री सबोच्च अदालतमा दिएको ०८१-w0-१०२१ न. रिट निबेदन र आदेशको प्रतिलिपी सहितको १५ दिने म्याद मिति २०८१/१२/१३ गते तामेली भई आएको सम्बन्धमा लिखित जवाफ तयार गरी पठाउने । |
| | | | कृषि र जेष्ठ नागरिक सम्बन्धी आयोगका पदाधिकारीहरुबाट अध्ययन अबलोकनबाट प्राप्त सुझाबहरु नेपाल सरकारलाई सिफारिस गर्ने । |
| | | | खस आर्यको पौराणिक र प्राग एतिहासिक अबस्था, पिछडिएको क्षेत्रको आर्थिक संभाब्यता सभ्यता, स्वास्थ्य क्षेत्रका श्रमिकहरुको अबस्था, आर्थिक रुपले बिपन्न बर्गको पहिचान,जेष्ठ नागरिकको बर्गिकरण तथा सामाजिक सुरक्षा, बिशेष संरक्षण क्षेत्रको लागि आबश्यक मापदण्ड, यौनिक अल्पसख्यकको अवस्था र सशक्तिकरणका उपायहरु लगायतका बिषयहरुमा आगामि आ.ब.०८२/०८३ को बार्षिक कार्यक्रममा प्राथामिकता दिने । |

**(ख) छलफल तथा अन्तरक्रिया**

आ.व. २०८१/८२ मा माघ देखि चैत्र मसान्तसम्म आयोगबाट प्रदेश र स्थानीयस्तरमा विभिन्न मिति र स्थानमा तपसिल बमोजीमका छलफल तथा अन्तर्क्रिया कार्यक्रम संचालन गरियो।

१. स्थानीयस्तर छलफल तथा कार्यक्रम- बाजुरा, अछाम, वाग्लुङ, रुकुम पश्चिम, हुम्ला, वर्दिया, बाँके, रुकुम पूर्व, सल्यान, मकवानपुर र मोरङ

| सि.नं. | छलफल/ अन्तर्क्रिया गरिएको संस्था/व्यक्ति/लक्षित समूह | संख्या |
|---|---|---|
| १. | पिछडा वर्ग | ३ |
| २. | खस आर्य | १ |
| ३. | श्रमिक | २ |
| ४. | ज्येष्ठ नागरिक | ३ |
| ५. | किसान | ३ |
| ६. | अपांगता भएका व्यक्ति | ३ |
| ७. | कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग | २ |
| ८. | अल्पसंख्यक/लोपोन्मुख/सीमान्तीकृत | २ |
| ९. | पिछडिएको क्षेत्र | २ |
| १० | विविध | १ |
| | जम्मा | २२ |

(ग) अध्ययन

आ.व. २०८१।८२ को स्वीकृत कार्यक्रम अन्तर्गत रहेका अध्ययनहरु मध्ये निम्न विषयमा अध्ययनका लागि विज्ञसँग सम्झौता भएको ।

१) जेष्ठ नागरिक संरक्षण सम्बन्धी अध्ययन
२) कृषि अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन
३) समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनाहरुमा किसानको प्रतिनिधित्व सम्बन्धी अध्ययन
४) राज्य संयन्त्रमा कर्णालीका नागरिकहरुको पहुँच र प्रतिनिधित्वको अवस्था तथा सशक्तिकरण रणनीति सम्बन्धी अध्ययन
५) वृद्धाश्रम संचालन तथा व्यवस्थापन सम्बन्धी आधार र मापदण्ड सम्बन्धी अध्ययन
६) अल्पसंख्यक पहिचानसम्बन्धी अन्तिम प्रतिवेदन तयारी

## १०. प्रमुख, सूचना अधिकारी र लैङ्गिक सम्पर्क व्यक्तिको नाम र पद

प्रमुखः सचिव बलराम निरौला

उपसचिव - श्री सुशिला कुमारी पंथ

सूचना अधिकारीः शाखा अधिकृत - श्री देउ कुमार लावती

लैङ्गिक सम्पर्क व्यक्तिः शाखा अधिकृत - श्री दिल कृष्ण श्रेष्ठ

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान,
- राष्ट्रिय समावेशी आयोग ऐन, २०७४
- राष्ट्रिय समावेशी आयोगका बैठक संचालन सम्बन्धी कार्यविधि, २०७५
- राष्ट्रिय समावेशी आयोगका पदाधिकारी र कर्मचारीको आचारसंहिता, २०७५
- राष्ट्रिय समावेशी आयोगको आन्तरिक व्यवस्थापन, नियन्त्रण तथा सञ्चालन कार्यविधि, २०७८
- राष्ट्रिय समावेशी आयोग नियमावली, २०७९

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| क्र.सं. | बजेट उप शिर्षक | बजेट शिर्षक | वार्षिक बजेट विनियोजन | आ.व. २०८१।८२ को तेस्रो त्रैमासिक सम्मको खर्च | कैफियत/खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २२६०००११३ | - | ३,१५.०८ | १६७.५३ | ५३.१७ |
| २ | २२६००००१३ | - | ८१.२३ | ४८.५५ | ५९.७७ |
| ३ | २२६०००११४ | - | १५.०० | ८.४० | ५६.०४ |
| जम्मा | | | ४११.३१ | | |

(रु लाखमा)

## १३. अघिल्लो आर्थिक वर्षमा सम्पन्न भएका कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी विवरण :

- गोष्ठि तथा सेमिनारसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु,
- विभिन्न विषयमा अध्ययन, अनुसन्धान सम्बन्धी कामहरु,
- विभिन्न स्थानीय तहमा लक्षित वर्गको हक कार्यान्वयनको विषयमा अनुगमन ।

**१४. आयोगको सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण :** रेडियो नेपालमा प्रसाण भएको

**१५. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** नभएको

## १६. आयोगको प्रगति प्रतिवेदन

| क्र.सं. | कामको विवरण | प्रगतिको अवस्था(परिमाणात्मक प्रगति खुलाउन मिल्ने भए खुलाउने) | कैफियत |
|---|---|---|---|
| १ | अध्ययन/अनुसन्धान/सर्वेक्षण | दुई वटा अध्ययन सम्मापन भई परामर्शदाता(विज्ञ) वाट अध्ययन प्रतिवेदन प्राप्त भएको। | |

राष्ट्रिय समावेशी आयोग
पुल्चोक, ललितपुर

## १७. आयोगको वेभसाइट सम्बन्धी विवरण

आयोगको वेवसाइट www.ninc.gov.np रहेको छ । उक्त वेवसाइटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरुको परिचय, संगठन संरचना, ऐन, कानुन, वार्षिक प्रतिवेदन लगायतका विषयहरु र अन्य प्रकाशनहरु सूचीकृत गरिएको छ ।

## १८. विविध

आयोगका गतिविधिहरुका सम्बन्धमा जानकारी तथा सूचनाहरु आयोगको वेवसाइट www.ninc.gov.np बाट प्राप्त गर्न सकिने छ ।

आयोगको सम्पर्कः
श्रीमहल, पुल्चोक, ललितपुर
फोन नं. ०१–५४५५२३७, ०१–५४५५२३६, ०१–५४५५३०८
इमेलः info@ninc.gov.np